# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

२०८२।२०८३

पत्र संख्या :-

मधेश प्रदेश, नेपाल

चलानी नं. :- १०२५

मिति: २०८२।१०।१५

श्री स्थायी सेवाका कर्मचारीहरू (सबै),
लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय, लक्ष्मीनियाँ बजार, धनुषा।

**विषय: पद दर्ता तथा सिटरोल दर्ता सम्बन्धमा ।**

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषाको प.सं. २०८२/०८३ च.नं. ६२१ मिति २०८२/०९/११ गतेको पत्र अनुसार यस गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत विवरण अद्यावधिक गर्ने प्रयोजनका लागि यस कार्यालय तथा मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था एवं सेवा केन्द्रमा कार्यरत स्थायी (साविक संघ/स्थानीय सेवा अन्य सेवा समेत) कर्मचारीहरू प्रत्येकको छुट्टाछुट्टै व्यक्तिगत फाइल तयार गरी पठाउनुपर्ने भएको हुँदा तपशिल बमोजिमका कागजातहरू सहितको फाइल २०८२ माघ २५ गतेसम्म प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

**तपशिलः**

१. सिटरोल दर्ता गरिदिने भन्ने व्यहोराको सिफारिस पत्र
२. वैयक्तिक विवरण फारम (सिटरोल) को प्रतिलिपि १ प्रति,
३. सुरुको स्थायी नियुक्ति/पदस्थापन देखि हालसम्मको सम्पूर्ण कागजातहरूको प्रतिलिपि- १/१ प्रति,
४. शपथग्रहण प्रमाणपत्र र निरोगिता प्रमाणपत्रको प्रतिलिपि- १/१ प्रति,
५. समायोजन ऐन अनुसार समायोजन भएको पत्रको प्रतिलिपि- १ प्रति,
६. कामकाज गर्न तोकिएको जिम्मेवारी पत्रको प्रतिलिपि- १ प्रति,
७. सरुवा/बढुवा/तह मिलान/स्तर वृद्धि/तह वृद्धि/हाजिर भएको जानकारी पत्रको प्रतिलिपि- १/१ प्रति,
८. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति,
९. पदसँग सम्बन्धित सबै तहका शैक्षिक योग्यता प्रमाणपत्रहरूको प्रतिलिपि- १ प्रति,
१०. नागरिकता भन्दा फरक स्थायी ठेगाना सिटरोलमा उल्लेख गरेकोमा बसाई सराई प्रमाणपत्र वा महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति,
११. प्रमाणपत्रहरूमा नाम, थर, ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि- १ प्रति,
१२. तालिमसँग सम्बन्धित सम्पूर्ण प्रमाणपत्रहरूको प्रतिलिपि - १ प्रति ।

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम, धनुषा ।
श्री शाखा/वडा कार्यालय/स्वास्थ्य संस्था/सेवा केन्द्र (सबै), लक्ष्मीनियाँ गा. पा. का. धनुषा,।
श्री सूचना प्रविधि शाखा, लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालयको Website मा Upload गरिदिनुहुन्

.............................
राम जुलुम यादव
नि.प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५४०८०११७
सूचना अधिकारी मो. ९८५४०२८८३५, एम्बुलेन्स मो. ९८५४०८०११४
वेब साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com

CamScanner